आज मिति २०७८/०१/२० गते सोमबारका दिन वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री फेन्चोक छेसेन गुरुङको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा विभिन्न प्रस्तावहरु उपर छलफल गरी देहायानुसार निर्णय गरीयो।

उपस्थिती:

| हस्ताक्षर | नाम थर | पद |
|---|---|---|
| | श्री फेन्चोक छेसेन गुरुङ | कार्यपालिका अध्यक्ष |
| | श्री दिकी गुरुङ | कार्यपालिका उपाध्यक्ष |
| | श्री ज्ञानेन्द्र शर्मा | प्रमुख प्रशासकीय अधिकृत |
| | श्री विर बहादुर गुरुङ | कार्यपालिका सदस्य |
| | श्री छिन नाम्ग्या गुरुङ | कार्यपालिका सदस्य |
| | श्री नविन कुमार गुरुङ | कार्यपालिका सदस्य |
| | श्री तेन्जिङ नाम्गेल गुरुङ | कार्यपालिका सदस्य |
| | श्री राप्के गुरुङ | कार्यपालिका सदस्य |
| | श्री साङ्गो छिरिङ गुरुङ | कार्यपालिका सदस्य |
| | श्री फुल कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री लक्ष्मी कुमारी गुरुङ | कार्यपालिका सदस्य |
| | श्री देवी गुरुङ | कार्यपालिका सदस्य |
| | श्री फुलमाया वि.क. | कार्यपालिका सदस्य |
| | श्री छिरीङ आङ्ग्याल गुरुङ | कार्यपालिका सदस्य |
| | **अन्य उपस्थिति** | |
| | | |
| | श्री सुदर्शन पौडेल | प्रशासन अधिकृत |
| | | |

प्रस्ताव तथा छलफलका विषयहरु:

१. सवारी साधन प्रयोग सम्बन्धमा।

२. एम्बुलेन्स माग गर्ने सम्बन्धमा।

३. अस्पताल निर्माण सम्बन्धमा।

४. हलुका सवारी चालक नियुक्ति गर्ने सम्बन्धमा।

निर्णयहरु:

१. वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा रहेको १ मात्र चार पाङ्ग्रे सवारी साधन रहेकोमा हाल विश्व भरि महामारीको रुपमा फैलिएको कोभिड १९ को दोस्रो लहर चलिरहेको परिवेशमा यस गा.पा. मा समेत असर पर्ने कुरालाई मध्यनजर गरी उक्त सवारी साधन स्थानीय स्तरमा हुन सक्ने सम्भावित बिरामीहरुको लागि आपतकालिन स्वास्थ्य सेवा प्रयोजनको लागि समेत प्रयोग गर्ने निर्णय गरीयो।

२. चाईना फाउन्डेशन, चाईनिज दुतावास र भारतिय दुतावासमा एउटा एम्बुलेन्सको माग गर्नका लागि यसै गा.पा. का प्रमुख प्रशासकीय अधिकृत श्री ज्ञानेन्द्र शर्माज्यू लाई सम्पुर्ण अधिकार सहित सम्झौता गर्न सम्मको अधिकार प्रदान गर्ने निर्णय गरीयो।

३. यस गाउँपालिकामा नेपाल सरकारको निति तथा कार्यक्रमबाट पाँच सैयाको अधारभुत अस्पताल निर्माण योजना परेको हुँदा सो निर्माणको लागि गाउँको नाममा रहेको जग्गा उपलब्ध गराउन जिल्ला स्थित जग्गा सिफारीस समितिलाई निवेदन पेश गरेको र स्थानीय व्यक्ति छेसेन गुरुङबाट १-५-३-३ क्षेत्रफल भएको जग्गा समेत गाउँपालिकाको नाममा प्राप्ति भएको हुँदा सो अस्पताल निर्माण कार्य सम्बन्धमा आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरीयो।

४. वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा हलुका सवारी चालक मिति २०७८/०१/०१ देखि रिक्त रहेको हुँदा उक्त पदमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ बमोजिमको प्रकृया पुर्याई शुक्ला गण्डकी ६ तनहुँ स्थायी घर भएका हितमान गुरुङ संग आवश्यक कागजात माग गरी सवारी चालक नियुक्ति गर्न कार्यालय प्रमुख लाई अनुरोध गर्ने निर्णय गरीयो।